# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

## प्रेस विज्ञप्ति

२०७७ जेष्ठ २३ गते

### कोभिड -१९ को बहानामा संक्रमणकालीन न्यायलाई ओझेलमा नपार !
### विश्वसनीयढङ्गवाट ऐन संशोधन प्रक्रिया अगाडि बढाउ !

वि.सं. २०६२ साल जेष्ठ २३ गते आजकै दिन चितवनको बाँदरमुडेमा ३५ जना सर्वसाधारण र ३ जना सुरक्षाकर्मीको ज्यान जाने र ७० जना भन्दा बढी सर्वसाधारण घाइते हुनेगरी सार्वजनिक बसमा तत्कालीन बिद्रोही माओवादीले बम बिष्फोट गराएको घटना १५ बर्ष बितिसकेको छ । साथै फुजेल, गोर्खाका १७ बर्षीया कृष्ण प्रसाद अधिकारीको वि.सं. २०६१ साल जेष्ठ २४ गते चितवनको बकुलहरचोकमा तत्कालीन बिद्रोही माओवादीवाट विभत्स ढङ्गवाट भएको हत्याको स्मरण गर्दै यी लगायत समस्त द्वन्दपीडितले बर्षौंदेखि उठाइरहेको न्याय तथा परिपूरणको मागलाई सम्बोधन गर्न र दण्डहिनताको अन्त्य एवं भविष्यमा यस्ता घटना नदोहोरिने प्रत्याभूत गर्न निगरानी समिति सरकार समक्ष अपिल गर्दै

बि.सं.२०७१ साल फागुन १४ गते सर्वोच्च अदालतले ‘वेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१’ संशोधनका लागि ऐतिहासिक आदेश जारी गरेको ५ वर्ष भन्दा वढी भईसकेको अवगतै छ । उक्त आदेशमा असहमति जनाएर नेपाल सरकारले दर्ता गरेको पुनरावलोकनको निवेदनलाई सर्वोच्च अदालतको पूर्ण इजलासवाट बि.सं. २०७७ साल बैशाख १४ गते खारेज गरेको महिना दिन भन्दा बढी भएको छ । तथापि सरकारले सर्वोच्चको आदेश बमोजिम ऐन संशोधनको प्रकृया अगाडि बढाउने कुनै ठोस पहल गरेको छैन । सरकारको यस प्रकारको गैरजिम्मेवारीपन र असंवेदनशीलताको निरन्तरताप्रति जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

सरकारले सर्वोच्च अदालतका पटकपटकका आदेशहरु एवं अन्तर्राष्ट्रिय मापदण्ड विपरित गम्भीर अपराधमा संलग्नलाई फौजदारी जवाफदेहीतावाट उन्मुक्ति (क्षमादान) दिने अभिप्रायले जारी गरेको अध्यादेश तथा पछिल्लो समयमा संसदबाट वनाईएका कानुनलाई द्वन्दपीडित, राष्ट्रिय मानव अधिकार आयोग, अधिकारवादी नागरिक समाज लगायत संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय अधिकारवादी संघ-संस्थाहरुले अस्वीकार गर्दै विगत लामो समयदेखि पारदर्शी र परामर्शयुक्त प्रकृयाद्धारा यथोचित कानुन निर्माणको माग गर्दै आएको सर्वविदित्तै छ । सर्वोच्च अदालतले बि.सं. २०७७ साल बैशाख १४ गते आफ्नो पूर्ववत फैसला पुनरावलोकन गर्न नपर्ने भनी आदेश गरिसकेको सन्दर्भमा संक्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय मापदण्ड, मानव अधिकारप्रतिको नेपालको अन्तर्राष्ट्रिय दायित्व र प्रतिवद्धता, कानुनी राज्यको अवधारणा, पीडितको न्यायिक उपचारको हकका पक्षमा अविलम्व कदम चाल्नुको विकल्प नेपाल सरकार समक्ष नरहेको समितिको ठहर छ ।

यसर्थ, सर्बोच्च अदालतले विभिन्न मितिमा दिएका आदेशहरु, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालयको सिफारिसका साथै विशेष प्रतिवेदकहरुले विभिन्न समयमा गरेका पत्राचार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारवादी संघसंस्था, राष्ट्रिय मानव अधिकार आयोग र द्वन्दपीडित तथा अधिकारवादीका सुझाव समेतलाई केन्द्रमा राखी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पारदर्शी ढंङ्गबाट ऐन संशोधन प्रकृया अगाडि बढाउन निगरानी समिति आव्हान गर्दछ ।

साथै, ऐन संशोधनविना संक्रमणकालीन न्यायको थाँती रहेका मुद्धाहरुलाई सम्बोधन गर्न भनेर राजनीतिक भागबण्डाका आधारमा पुनर्गठीत वर्तमान दुबै आयोगसँग सहकार्य गर्न नसकिने निगरानी समितिको पूर्ववत् धारणा यथावत रहेको प्रष्ट पार्न चाहन्छौं । तसर्थ, ऐन संशोधनपछि मात्र विश्वसनीय वातावरणमा वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा पीडित-मैत्री, निष्पक्ष एवं जिम्मेवार पदाधिकारीहरु रहने गरी पुनःनियुक्ति प्रकृया अघि बढाउन नेपाल सरकार समक्ष निगरानी समिति जोडदार माग गर्दछ ।

साथै कोभिड - १९ को मारमा परेका द्वन्द्वपीडितहरुलाई राहत वितरण प्रक्रियामा प्राथमिकतामा राख्न र कुनै पनि प्रकारका भेदभाव नगर्न निगरानी समिति सरकार समक्ष अनुरोध गर्दछ ।

जवाफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसााई, संयोजक)

सम्पर्क- ओम प्रकाश सेन ठकुरी, 9841275732

……………………………………………………………………………………………………………

सह-संयोजक गोविन्द बन्दी सदस्यः संस्थापक संयोजक मन्दिरा शर्मा, प्रा.कपिल श्रेष्ठ, डा.गौरीशंकरलाल दास, कनकमणि दिक्षित, डा.गोपाल सिवाकोटी, शोभाकर बुढाथोकी, सुमन अधिकारी, देवी सुनवार, विरेन्द्र थपलिया, दिनेश त्रिपाठी, ओमप्रकाश अर्याल, राजु प्रसाद चापागाई, सवित्री श्रेष्ठ, जनक बहादुर राउत, ईन्द्रप्रसाद अर्याल, माहामुनिश्वर आचार्य, बाबुराम गिरी, राजन कुईकेल, बिकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, पंकजकुमार कर्ण, बद्रि भुसाल, रुकमनी महर्जन, रणधिर चौधरी ।